# भैरहवा विशेष आर्थिक क्षेत्र कार्यान्यनमा ल्याउन गठित कार्यदलको

# प्रतिवेदन २०७२

## <u>प्रतिवेदन पेश गर्ने</u> :

सहसचिव, श्री दिनेश कुमार धिमिरे, योजना तथा नीति विश्लेषण महाशाखा, उद्योग मन्त्रालय– संयोजक

नि. कार्यकारी निर्देशक, श्री सरोज कुमार वैद्य, विशेष आर्थिक क्षेत्र विकास समिति – सदस्य

सभापति, श्री कुल प्रसाद पाण्डे, उद्योग हेर्ने, नेपाल उद्योग वाणिज्य महासंघ – सदस्य

प्रतिनिधि, मेघनाथ न्यौपाने, नेपाल उद्योग परिसंघ – सदस्य

अधिकृत, श्री सुन्दर थापा, विशेष आर्थिक क्षेत्र विकास समिति –सदस्य सचिव

मितिः २०७२।५।३०

श्रीमान् सचिवज्यू,
उद्योग मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

**विषयः– भैरहवा विशेष आर्थिक क्षेत्र कार्यान्वयनमा ल्याउन गठित कार्यदलको प्रतिवेदन पेश गरेको ।**

भैरहवा विशेष आर्थिक क्षेत्र कार्यान्वयनमा ल्याउन मिति २०७२।३।२२ गतेको नेपाल सरकार (मा. मन्त्रीस्तर) को निर्णयानुसार गठित कार्यादललाई प्राप्त TOR वमोजिम अध्ययन गरी सिफारीश सहितको प्रतिवेदन पाना १३६ यसैसाथ संलग्न राखी पेश गरेका छौ ।

प्रतिवेदक

१. दिनेश कुमार घिमिरे – संयोजक

२.सरोज कुमार वैद्य– सदस्य

३. कुल प्रसाद पाण्डे– सदस्य

४. मेघनाथ न्यौपाने– सदस्य

५. सुन्दर थापा – सदस्य सचिव

# विषयसूचि


| क्र.स. | विषय | पाना नं. |
|---|---|---|
| | भाग–१<br>परिचय | |
| १.१ | अध्ययनको पृष्ठभुमी | १ |
| १.२ | कार्यदलको गठन र TOR | २ |
| १.३ | अध्ययन विधि | ३ |
| १.४ | अध्ययनको समयसीमा र स्रोत साधन | ३ |
| | भाग–२<br>सूचना तथा तथ्याङ्कको विवरण | |
| २.१ | खाद्य तथा कृषिजन्य उद्योगको परिभाषा र व्याख्या सम्बन्धमा | ४ |
| २.२ | उद्योगीहरुले उठाएका विषयमा प्रस्तावित "विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" ले संवोधन गरेका विषयहरु । | ५ |
| २.३ | विद्यमान भैरहवा विशेष आर्थिक क्षेत्र संचालन मापदण्ड तथा कार्यविधि, २०७१ मा देखिएका समस्याहरु | ७ |
| २.४ | कार्यदलले आवश्यक देखेको (भैरहवा विशेष आर्थिक क्षेत्रलाई तत्काल संचालनमा ल्याउन साविकको मापदण्ड तथा कार्यविधिमा संशोधन गर्नुपर्ने विषय) | ८ |
| २.५ | भैरहवा विशेष आर्थिक क्षेत्र संचालन सम्बन्धि कार्यविधिमा नेपाल उद्योग वाणिज्य महासंघ तथा नेपाल उद्योग परिसदको संयूक्त सुझाव (अनुसूचि–६) | १२ |
| २.६ | उद्योगीहरुसँग गरिएको छलफलवाट प्राप्त सुझाव ( काठमाण्डौ उपत्यकामा उपलब्ध भएका केहि उद्योगीहरुसंग गरिएको अर्न्तक्रियामा आधारित) | १३ |
| २.६.१ | सुझावहरु | १३ |

| | | |
|---|---|---|
| २.६.२ | भैरहवा स्थित सिदार्थनगर उद्योग वाणिज्य सँघसंग गरिएको अन्तरकिया कार्यक्रममा प्राप्त राय सुझाव | १४ |
| २.६.३ | उद्योगीको राय संकलन | १४ |
| २.७ | भैरहवा विशेष आर्थिक क्षेत्र र विशेष आर्थिक क्षेत्र. वाहिरका निर्यातजन्य उद्योगले पाउने सुविधाको विवरणः– | १४ |
| २.८ | अन्य देशका सुबिधाहरु | १५ |
| | **भाग–३**<br>**विश्लेषण** | |
| ३.१ | खाद्य तथा कृषिजन्यको उद्योगको परिभाषा सम्बन्धमा | १८ |
| ३.२ | भाडा सम्बन्धमा | १८ |
| ३.३ | विद्युत् आपूर्ति सम्बन्धमा | १९ |
| ३.४ | लामो प्रशासनिक प्रकियाको सम्बन्धमा | १९ |
| ३.५ | श्रमिकहरुको विषयमा | १९ |
| ३.६ | वन्द हडताल सम्बन्धमा | १९ |
| ३.७ | चुस्त तथा प्रभावकारी सरकारी सेवा (एकल बिन्दु सेवा ): | १९ |
| ३.८ | उद्योगीलाई प्रदान गरिने छुट,सेवा, सहुलियत आदि | १९ |
| ३.९ | Bonded ware House | २० |
| | **भाग–४**<br>**निष्कर्ष तथा सिफारिस** | |
| ४.१ | निष्कर्ष तथा सिफारिस | २० |

# प्रतिवेदन

## भाग–१
## परिचय

### १.१ अध्ययनको पृष्ठभुमी :–

निर्यातयोग्य उद्योगहरुको विकास एवं प्रवर्द्धनका लागि स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गरी मुलुकमा औद्योगिकरणको प्रक्रिया अघि बढाउने उद्देश्यका साथ नेपाल सरकारले विशेष आर्थिक क्षेत्रको अवधारणालाई अंगिकार गरेको पाइन्छ । रुपन्देही जिल्लाको वगाहा गाविसमा निर्यात प्रशोधन क्षेत्र स्थापना गर्ने उद्देश्यले आ.व. २०५६।५७ मा प्रारम्भिक अध्ययन शुरु गरी आ.व. ०५७।५८ मा ५२ विगाहा जग्गा अधिकरणको कार्य शुरु भएको थियो । तत्कालीन विशेष आर्थिक क्षेत्र आयोजना वि.स २०६९ माघ १९ गतेका दिन उद्योग मन्त्रालय अन्तर्गत विशेष आर्थिक क्षेत्र विकास समितिको रुपमा गठन भएको हो । यसको उद्देश्य विशेष आर्थिक क्षेत्र स्थापना तथा संचालन गरी निर्यातजन्य उद्योगको माध्यमवाट मुख्यतः निर्यात बढाउन, रोजगारी श्रृजना गर्ने, वैदेशिक मुद्रा आर्जन गर्ने तथा विदेशी प्रविधि भित्र्याउने हो ।

विशेष आर्थिक क्षेत्र संचालनको लागि कानूनको अभाव भएकोले मिति २०७१।२।२ मा नेपाल सरकार मन्त्रिपरिषदको निर्णय वमोजिम “भैरहवा विशेष आर्थिक क्षेत्र संचालन मापदण्ड तथा कार्यविधि २०७१” स्वीकृत गरेको थियो । मिति २०७१।८।२ मा भैरहवा विशेष आर्थिक क्षेत्रको उद्घाटन समेत सम्पन्न गरी सोही कार्यविधि बमोजिम मिति २०७१।९।२४ गते राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी राष्ट्रिय तथा अर्न्तराष्ट्रिय उद्योगी,लगानीकर्ताबाट भैरहवा विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना गर्नको लागि मनशायपत्र माग गरिएको थियो । ३० दिनको अवधि दिइएको यो सूचना पश्चात् जम्मा ८ वटा मनशायपत्र पेश हुन आएका थिए । अत्यन्त न्यून आवेदन पश्चात् नियमानुसार पुनः १५ दिनको सूचना दिइ मनशायपत्र माग गर्दा पनि मात्र थप ४ वटा आवेदन प्राप्त हुन आएका थिए । भैरहवा विशेष आर्थिक क्षेत्र मा कूल ६८ प्लटमा उद्योग स्थापना गर्ने भएतापनि पर्याप्त मात्रामा मनशायपत्र पेश नभएको साथै थप आएका ४ वटा उद्योगहरु गुट्खा तथा पानमसला उत्पादनको लागि पेश हुन आएको देखिन्छ ।

भैरहवा विशेष आर्थिक क्षेत्र संचालन मापदण्ड तथा कार्यविधि २०७१ को नियम ११ वमोजिम भैरहवा विशेष आर्थिक क्षेत्रमा उपलब्ध सबै जग्गाको लागि मनशायपत्र प्राप्त नभएमा वा नियम (१०) वमोजिम मूल्याङ्कन गर्दा आवश्यकता अनुसार मनशायपत्र पेश गर्ने व्यक्ति छनौट हुन नसकेमा केन्द्रिय कार्यालयले पुनः मनशायपत्र आहवान गर्नुपर्ने नियम छ । उद्योगीहरुले भैरहवा विशेष आर्थिक क्षेत्र संचालन मापदण्ड वमोजिम उद्योगहरु संचालन गर्न विविध समस्याहरु आउने संभावना रहेको हुँदा सो

निराकरणको लागि वेला वेला मा सुझाव दिदै आएका छन । उद्योगी व्यवसायीले दिएको सुझावहरु, विगतका समस्याहरु समाधान गर्ने हेतुले विशेष आर्थिक क्षेत्रको स्थापना, संचालन र व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक व्यवस्थापिका संसदमा पेश भएको छ । कार्यविधिको अनुसुची १ मा रहेको खाद्य तथा कृषिजन्य उद्योगको परिभाषा स्पष्ट नभएकोले मनशायपत्र पेश गरेको केहि उद्योगहरुलाई विशेष आर्थिक क्षेत्र भित्र राखिने/नराखिने अन्यौल भएको छ । यी सम्पूर्ण विषयहरु सम्वोधन हुन नसक्दा भैरहवा विशेष आर्थिक क्षेत्र संचालन हुन नसकेकोले नेपाल सरकार मन्त्रीस्तरिय मिति २०७२।०३।२२ को निर्णय वमोजिम भैरहवा विशेष आर्थिक क्षेत्र संचालनमा ल्याउनको लागि अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि कार्यदल गठन भएको छ ।

## १.२ कार्यदलको गठन र TOR

नेपाल सरकार मा. मन्त्रिस्तरीय मिति २०७२।०३।२२ को निर्णय वमोजिम भैरहवा विशेष आर्थिक क्षेत्र संचालनमा ल्याउनको लागि पन्ध्र दिनभित्र प्रतिवेदन तयार गरी पेश गर्न तपसिल बमोजिमको कार्यदल तयार भएको छ ।

**कार्यदल**

१. सहसचिव, योजना तथा नीति विश्लेषण महाशाखा, उद्योग मन्त्रालय– संयोजक

२. नि. कार्यकारी निर्देशक, विशेष आर्थिक क्षेत्र विकास समिति– सदस्य

३. सभापति, उद्योग हेर्ने, नेपाल उद्योग वाणिज्य महासंघ– सदस्य

४. प्रतिनिधि, नेपाल उद्योग परिसंघ– सदस्य

५. अधिकृत, विशेष आर्थिक क्षेत्र विकास समिति – सदस्य सचिव

**कार्यदलको TOR**

१. खाद्य तथा कृषिजन्य उद्योगको परिभाषा ।

२. उद्योगीहरुले उठाएका विषयमा प्रस्तावित विधेयकले संवोधन गरेका विषयहरुको तुलनात्मक अध्ययन सहितको सिफारिस ।

३. कार्यदलले आवश्यक देखेको, (SEZ भैरहवालाई तत्काल संचालनमा ल्याउन साविकको मापदण्ड तथा कार्यविधिमा संशोधन गर्नुपर्ने विषय)।

४. कार्यदलले आफनो कार्यविधि आफै तय गर्नेछ र आवश्यकता वमोजिम दक्ष, विशेषज्ञलाई आमन्त्रित गरी छलफल गर्न सक्नेछ । (अनुसूची – A2)

## १.३ अध्ययन विधि

१. विशेषज्ञसँग परामर्श तथा छलफल ।

२. तथ्याङ्क एवं सूचना संकलन तथा विश्लेषण ।

३. कार्यदलमा छलफल ।

४. सरोकारवालाहरुको सुझाव ।

५. वर्तमान कार्यविधिमा देखिएका समस्याहरुको अध्ययन ।

## १.४ अध्ययनको समयसीमा र स्रोत साधन

- अध्ययनको लागि १५ दिनको सीमा तोकिएको र कार्यदललाई दिइएको TOR वमोजिमको विषयमा छलफल गरी सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।
- कार्यालयमा प्राप्त भएको साधन स्रोत प्रयोग गरी अध्ययन गरिएको ।
- विभिन्न चरणमा गरी कार्यदलको बैठक संख्या ६ (६) रहेको छ ।
- कार्यदललाई प्राप्त १५ दिनको समयसीमा अध्ययन तथा परामर्शको शिलसिलामा प्र्याप्त नभएको र तोकिएको समय भन्दा बढी लाग्न गएको थप मिति २०७२।०५।३० गते सम्म समय स्वीकृतीको लागि अनुरोध गर्दछौं ।
- विभिन्न निकाय सँगको छलफलको लागि समय लिनुपर्ने तथा पत्राचार गरी राय संकलन गर्नुपर्ने भएको हुँदा तोकिएको समय प्रयाप्त नभएको ।
- Total Man Hour

| Manpower | Working Hour | Total Hours | Remarks |
|---|---|---|---|
| Direct input | | | |
| Meeting-6Nos | 8x6x3 hrs | 144 hours | – |
| Interaction with stakeholders | 10x3x3 hrs | 90 hours | – |
| Indirect input | | | – |
| Literature Review, Internet Surfing,Study of prevailing Acts,Computer typing etc. | 30 Daysx7 hours | 210 Hours | – |
| | Total:- | 444 hours | – |

# भाग–२
# सूचना तथा तथ्याङ्कको विवरण

## २.१ खाद्य तथा कृषिजन्य उद्योगको परिभाषा र व्याख्या सम्बन्धमा

नेपाल सरकार मंत्रीस्तरिय निर्णय वमोजिम कार्यदललाई दिइएको TOR मा खाद्य तथा कृषिजन्य उद्योगको परिभाषा उल्लेख भएकोमा औद्योगीक व्यवसाय ऐन २०४९, अनुसार कृषि तथा वन्यजन्तुको परिभाषा यस प्रकार छ ।

*३(ग) कृषि तथा वनजन्य उद्योग : मूलतः कृषि वा वन पैदावारमा आधारित एकीकृत किसिमको रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरा पालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडीबूटी खेती तथा प्रशोधन, तरकारीका बीउ बीजन उत्पादन, च्याउ, तरकारी खेती वा तरकारी प्रशोधन, नयाँ प्रविधिद्वारा विरुवा उत्पादन गर्ने उद्योग (टिस्यूकल्चर), ग्रिन हाउस, मौरी पालन, मह उत्पादन, रबर खेती, फूल खेती तथा उत्पादन, कबुलियती वन, एग्रोफरेष्टी आदि व्यवसायिक वन सम्बन्धी व्यवसायहरू । (अनुसूचि– A66)*

यसै गरी खाद्य (तेस्रो संशोधन) ऐन, २०४९ वमोजिम खाद्य उद्योगको परिभाषा यस प्रकार छ ।

*(क) "खाद्य पदार्थ" भन्नाले साधारणतः मानिसले खाने पिउने, अप्रशोधित, अर्ध प्रशोधित, प्रशोधित वा उत्पादित खाद्य वा पेय पदार्थ सम्झनु पर्छ र सो शब्दले खाने पिउने पदार्थमा प्रयोग गरिने मरमसला, खाद्य योगशील (फूड एडिटिभ) रंग वा सुगन्ध समेतलाई जनाउँछ । (अनुसूचि– A87)*

भैरहवा विशेष आर्थिक क्षेत्रमा मनसायपत्र पेश गरेका गुट्खा तथा पानमसला उत्पादक उद्योगीहरुसँग ती उद्योगहरुले उत्पादन गर्ने गुट्खा तथा पानमसलाको कच्चा पदार्थ र कम्पोजिसन माग गरिएको थियो । ती उत्पादनहरुको सम्वन्धमा उद्योगीहरुले पेश गरेको विवरण अनुसूचि (A18- A20) मा उल्लेख छ । यी उत्पादनहरु खाद्य हुन या होइन भनी छुट्याउने आधिकारीक निकाय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग भएकाले सो निकायवाट प्राप्त विवरण अनुसार सुर्तिजन्य उत्पादनहरु खाद्य ऐन नियम अनुसार खाद्यजन्य उत्पादनमा नपर्ने उल्लेख गरिएको ।(अनुसूचि A17)

**२.२ उद्योगीहरुले उठाएका विषयमा प्रस्तावित “विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” ले संवोधन गरेका विषयहरु ।**

| **क्र.स.** | **उद्योगीले उठाएका तथा संशोधनको लागि राख्नुपर्ने अन्य विषयहरु** | **विद्यमान “भैरहवा विशेष आर्थिक क्षेत्र संचालन मापदण्ड तथा कार्यविधि” सम्बन्धी समेटिएका विषयहरु** | **प्रस्तावित विशेष आर्थिक क्षेत्र सम्वन्धी विधेयकले संवोधन गरेका विषयहरु** |
|---|---|---|---|
| १. | विशेष आर्थिक क्षेत्र लाई स्वायत्त संस्था वनाउनु पर्ने । | “विशेष आर्थिक क्षेत्र विकास समिति (गठन) आदेश, २०६९” बमोजिम हुने भनी उल्लेख गरेको । | प्रस्तावित विधेयको दफा १३ मा प्राधिकरणको स्थापना गर्ने विषय उल्लेख भएको<br>दफा१४मा प्राधिकरण स्वशासित संगठित संस्था हुने उल्लेख गरेको । |
| २. | कार्यकारी निर्देशकलाई विशेष आर्थिक क्षेत्र संचालनको सम्पूर्ण अधिकार दिनुपर्ने । | नियम ७. मा कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार ((गठन) आदेश )मार्फत सिफारिस मात्र गर्ने अधिकार रहेको । | दफा २३(ग)(घ)(ङ) मा प्रतिवेदन पेश गर्ने उल्लेख भएकोले पूर्ण अधिकार नरहेको । |
| ३. | उद्योगीलाई अधिकतम छुट तथा सेवा सुविधा दिनुपर्ने । | परिच्छेद - ६मा<br>सिफारिस मात्र गर्ने अधिकार रहेको । | परिच्छेद - ८ मा उल्लेख भएका सुविधाहरु यस प्रकार छन<br>विशेष व्यवहार गरिने, राष्ट्रियकरण नगरिने,जग्गा वा भवनको बहाल वा लिजमा छूट, आयकर छूट,मूल्य अभिवृद्धि कर नलाग्ने,अन्तः शुल्क नलाग्ने, भन्सार महसुल छूट, स्थानीय कर छूट,निकासी सरहको सुविधा पाउने,विदेशी लगानी परिवर्त विदेशी मुद्रामा फिर्ता लैजान पाउने,विदेशी मुद्रामा खाता खोल्न र कारोबार गर्न पाउने,भिसा सम्बन्धी व्यवस्था,अन्य सुविधा,सुविधा सहुलियतको प्रत्याभूतिः ,छूट तथा सहुलियत पाउने ।<br>दफा ३७ मा छुट सुविधाको प्रत्याभूति गरीएको । |
| ४. | विशेष आर्थिक क्षेत्र भित्र विद्युतको नियमित आपुर्ति हुनु पर्ने । | सम्बोधन नगरिएको । | दफा १६ (ठ) मा प्राधिकरणले विशेष आर्थिक क्षेत्रमा उद्योगको विकास तथा प्रवर्दनको लागि आवश्यक पर्ने अन्य काम गर्ने उल्लेख भएको । |

| | | | |
|---|---|---|---|
| ५. | विशेष आर्थिक क्षेत्र भित्र वन्द हडताल हुन नपाउने । | नियम ४७ मा उद्योगलाई हानी नोकसानी हुने काम गर्न नपाउने उल्लेख भएको । | दफा ४२,४३ मा उद्योगलाई हानी नोकसानी हुने काम गर्न नपाउने उल्लेख भएको । |
| ६. | सम्पूर्ण सेवा, सुविधा एकद्धारवाट उपलब्ध हुनुपर्ने । | सम्बोधन नगरिएको । | दफा १४, ३४ मा एकद्वार इकाइ वाट सेवा सुविधाहरु उपलब्ध हुने उल्लेख भएको । |
| ७. | जग्गाको भाडा दर रु १५० अत्यधिक भएकोले समय सापेक्ष घटाउनु पर्ने । (यस सम्बन्धमा नेपालको औद्योगीक क्षेत्र, भारत, पाकिस्तान, बङ्गला देश, कमवोडिया, लगायत अन्य राष्ट्रमा भएको व्यवस्थाको तुलनात्मक अध्ययन छुटै उल्लेखित छ ) (अनुसूचि– A25- A42) | नियम ३४ मा प्रति महिना रु १५० प्रति वर्ग मिटरका दरले भू-बहाल दस्तुर (भाडा) कार्यालयलाई बुझाउनु पर्ने तथा यो दर प्रति वर्ष १० प्रतिशतले बृद्धि हुने उल्लेख भएको । | दफा १६,(घ)(च) मा उद्योगलाई उपलब्ध गराउने जग्गा, भवन, सेवा वा सुविधा वापत लिने लिज वा बहालको रकम, शुल्क वा दस्तुरको मापदण्ड निर्धारण गर्ने उल्लेख भएको । |
| ८. | सामुन्द्रिक पोर्ट सम्म पुग्न रेलवेलाईन सहजीकरण गर्नुपर्ने। | सम्बोधन नगरिएको | दफा १६ (ठ) मा प्राधिकरणले विशेष आर्थिक क्षेत्रमा उद्योगको विकास तथा प्रवर्दनको लागि आवश्यक पर्ने अन्य काम गर्ने उल्लेख भएको । |
| ९. | २५% भन्दा बढी आन्तरिक वजारमा विकी गर्नु परेमा के गर्ने प्रचलित कानुन बमोजिम शुल्क तिरेर बिक्रि गर्न पाउनुपर्ने । | नियम ३१वमोजिम कुनै अनुमतिपत्रवालाले आफुले उत्पादन गरेको वस्तु वा सेवा २५ प्रतिशत भन्दा बढि नेपालको आन्तरिक बजारमा बिक्रि गरेमा केन्द्रीय कार्यालयले त्यस्तो अनुमतिपत्रवालालाई बिगो बमोजिम जरिवाना गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने उल्लेख भएको । | दफा ४४ वमोजिम कुनै अनुमतिपत्रवालाले आफुले उत्पादन गरेको वस्तु वा सेवा दफा १३ को उपदफा (२) मा उल्लाखित परिमाण भन्दा बढि बिक्रि गरेमा प्राधिकरणले विगो वमोजिमको रकम जरिवाना गर्ने उल्लेख भएको । दफा ३८, वमोजिम सो आर्थिक वर्षमा प्राप्त हुने कर छुट तथा सहुलियत नपाउने उल्लेख भएको । |
| १०. | कार्यविधि तथा मापदण्डको अनुसूचि १ मा सूचिकृत नभएका उद्योगहरु समेत आउन सकने व्यवस्था हुनुपर्ने । | सम्बोधन नगरिएको । | दफा ५ को उपदफा (१) वमोजिम प्राधिकरणले उद्योगको सूचि तयार गर्ने उल्लेख भएका । दफा ८ को उपदफा (३) र (४) वमोजिम सूचिमा समावेश नभएका र उपयुक्त रहेका उद्योगलाई अनुमतिपत्र दिन सक्ने उल्लेख भएको । |
| ११. | अनुमतिपत्रको अवधि ३० वर्ष कम भएकोले वढाउनुपर्ने । | नियम २९ उपनियम (३) बमोजिम निवेदन परेमा कार्यालयले रु.५०,०००।- नविकरण शुल्क | दफा ९ को उपदफा (१) वमोजिम अनुमतिपत्रवालाको अवधि ३० वर्ष रहने तथा उपदफा ३ वमोजिम माग |

| | | | |
|---|---|---|---|
| | | लिई एकपटकमा पाँच वर्षको लागि अनुमतिपत्र नवीकरण गर्न सक्ने उल्लेख भएको । | भएमा १० वर्ष (एक पटकमा) थप गर्न सक्ने उल्लेख भएको। |
| १२. | अनुमतिपत्रको नवीकरण माग गर्दा ढिलाइ भएमा जरिवाना लिई नवीकरण गर्नुपर्ने । | नियम २८ वमोजिम<br>अनुमतिपत्र रद्द गर्न सक्ने व्यवस्था रहेको | दफा १० वमोजिम<br>अनुमतिपत्र रद्द गर्न सक्ने व्यवस्था रहेको |
| १३. | जग्गा भाडा पहिलो, दोश्रो, तेश्रो, चौथो र पाँचौ वर्षमा कमशः लिजमा ५०%,४०%,२५%,१५%,१०% छुट हुनुपर्ने । | नियम ३९<br>छुट, सुबिधा तथा सहुलियतः कार्यालयले क्षेत्रमा स्थापित उद्योगलाई आर्थिक तथा छूट, सुबिधा तथा सहुलियत प्रदान गर्नेछ वा सिफारिस गर्नेछ वा त्यस्ता छूट, सुबिधा र सहुलियत प्रदान गर्न सहजिकरण गर्ने छ भनि उल्लेख भएको । | दफा २६<br>जग्गा वा भवनको बहाल वा लिजमा छूटः उद्योग स्थापना भएको पहिलो, दोस्रो र तेस्रो वर्षको लागि क्रमशः पचास, चालीस र पच्चीस प्रतिशतका दरले छूट पाउने उल्लेख भएको । |
| १४. | गुनासो व्यवस्थापनको लागि वनेको समितिमा थप श्रम कार्यालयको प्रतिनिधि सुरक्षा निकायको प्रमुख हुनुपर्ने । | नियम ४६.वमोजिम<br>गुनासो व्यवस्थापन समिति रहेको र सो समितिमा<br>:(क)क्षेत्रको कार्यालयको कम्तीमा अधिकृत स्तरको कर्मचारी एक जना,(ख)क्षेत्रभित्रका सम्बन्धित लगानीकर्ताहरुको प्रतिनिधि एक जना,(ग)क्षेत्रभित्रको कामदारहरुको तर्फबाट प्रतिनिधि एकजना उल्लेख छ । | दफा ४२ मा<br>गुनासो व्यवस्थापन समिति रहेको र सो समितिमा<br>क)क्षेत्रको कार्यालयको कम्तीमा अधिकृत स्तरको कर्मचारी एक जना,(ख)क्षेत्रभित्रका सम्बन्धित लगानीकर्ताहरुको प्रतिनिधि एक जना,(ग)क्षेत्रभित्रको कामदारहरुको तर्फबाट प्रतिनिधि एकजना उल्लेख छ । |

## २.३ विद्यमान भैरहवा विशेष आर्थिक क्षेत्र संचालन मापदण्ड तथा कार्यविधि, २०७१ मा देखिएका समस्याहरु

- उद्योगी छनौट प्रकृयामा मनशायपत्र माग गर्ने साथै प्रस्ताव माग गर्ने गरी दुई चरणमा मूल्याङ्कन गर्दा छनौट प्रकृया लामो भएको ।
- कार्यविभिको नियम ११– बमोजिम सवै जग्गाहरुको लागि मनशाय पत्र प्राप्त नभएमा उद्योग संचालन गर्न दिन नसकिने ।
- मनशायपत्र प्रस्ताव मूल्याङ्कन गर्दा महत्वपूर्ण विषय (जस्तै रोजगारीका कति अवसर प्रदान गर्ने, उत्पादन क्षमता कति हुने जस्ता महत्वपूर्ण विषय) समावेश नभएको ।

- नियम २१ (ज) मा प्रस्ताव मूल्याङ्कन समितिको सदस्य–सचिव भैरहवा विशेष आर्थिक क्षेत्रको कार्यालय रहने व्यवस्था गरिएको तर भैरहवा विशेष आर्थिक क्षेत्रको कर्मचारी दरबन्दी स्वीकृत नभएको ।
- नियम २३ (ठ) मा रोयल्टी उल्लेख भएकोमा के–कति हुने प्रस्ट नभएको ।
- नियम २५ (२) मा खास प्रकारको उद्योग भनिएकोमा प्रस्ट नभएको ।
- नियम २८(१) मा कति समयभित्र उद्योग संचालन गर्नुपर्ने स्पष्ट नभएको ।
- नियम २९(३)मा नवीकरण नगरेमा के हुने स्पष्ट नभएको ।
- नियम ३१ मा जरीवाना के कति गर्ने उल्लेख नभएको ।
- नियम ३४ मा उल्लेखित भाडा दर १५०/महिना/ वर्ग मिटर अत्यधिक भएको गुनासो व्यवसायीवाट आएको ।
- नियम ३९ मा छुट सुविधा तथा सहुलियतका लागि सिफारिस गर्ने भनिएकोमा के–कति हुने स्पष्ट नभएको । विद्यमान ऐन कानुन वमोजिमको छुट सुविधाको लागि समेत सिफारिस गर्नुपर्ने व्यवस्था भएवाट प्रक्रिया लामो हुन गएको ।
- एकद्वार प्रणाली मार्फत आवश्यक सेवा प्रदान गर्ने विषयका हकमा संरचनागत व्यवस्था नभएको ।
- उद्योग दर्ता, भन्सार, कर लगायत अन्य कानुनी प्रक्रिया कहाँवाट र के–कसरी हुने उल्लेख नभएको ।
- अनुसूचि १ मा सीमित उद्योगलाई मात्र स्थान दिइएको ।
- उत्पादनमुलक र सेवामुलक उद्योगहरुको स्थिर पुँजीरकम फरक हुनुपर्ने ।
- भैरहवा विशेष आर्थिक क्षेत्रमा गुरुयोजना अनुसार बाँकी रहेका निर्माणकार्य तुरुन्त सम्पन्न हुनुपर्ने ।
- तिनवटा गाडीको भन्सार तथा कर मिनहा हुनुपर्ने (प्रस्तावित विधेयकको दफा २९(ख) व्यवस्था भएको )
- सेवामूलक उद्योग तथा निर्यात प्रवर्धन गृहको हकमा कार्यविधिले सम्बोधन गरेको देखिदैन । यस कार्यको लागि नियम १५ को उपनियम १(प) वमोजिम स्थिर पूँजी ५ करोड नलाग्न सक्छ ।

## २.४ कार्यदलले आवश्यक देखेको (भैरहवा विशेष आर्थिक क्षेत्रलाई तत्काल संचालनमा ल्याउन साविकको मापदण्ड तथा कार्यविधिमा संशोधन गर्नुपर्ने विषय)

| नियम | हालको विद्यमान अवस्था | संशोधन गर्नुपर्ने | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| नियम ३।४।५।६।७ ८।९।१०।११ | परिच्छेद २ मनशायपत्र आहवान गर्ने सम्वन्धी । | आवश्यक नभएको (सिधै प्रस्ताव आहवान गर्ने) । | यो छनौट प्रक्रिया लामो भएको । उद्योग व्यवसायवाट राय आएको । प्रक्रिया छोट्याँउदा उद्योगीहरुलाई समयको वचत हुने हुँदा प्रोत्साहन मिल्ने देखिन्छ । |
| नियम २० उपनियम (१) . | प्रस्ताव छनौट गर्ने सम्वन्धमा । | निम्न वमोजिमका मूल्यांकनका आधारहरु थप गर्नुपर्ने । प्रस्तावकको उत्पादन क्षमता, मूल्य अभिवृद्धि , रोजगारी दिन सक्ने क्षमता, आधुनिक प्रविधि, तथा वैदेशिक मुद्रा आर्जन गर्न सक्ने क्षमताको आधारमा । | उद्योगी व्यवसायीवाट राय प्राप्त भएको । साथै आर्थिक वृद्धि तथा विकास हुने देखिछ । |

| | | | |
|---|---|---|---|
| नियम १३. | प्रस्ताव सम्बन्धी कागजात तयार गर्नु पर्ने : नियम १२ बमोजिम संक्षिप्त सूची तयार गरेपछि केन्द्रीय कार्यालयले देहायका कुराहरु खुलाई सो सूचीमा परेका व्यक्तिहरुबाट प्रस्ताव आव्हान गर्न निम्न व्यहोरा खुलाईएको कागजात तयार गर्नुपर्नेछ । | प्रस्ताव सम्बन्धी कागजात तयार गर्नु पर्ने : केन्द्रिय कार्यालयले देहायका कुराहरु खुलाइ राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्ति फर्मवाट प्रस्ताव आहवान गर्न निम्न व्यहोरा खुलाइएको कागजात तयार गर्नुपर्नेछ । | मनशायपत्रसंग सम्वन्धित विषयहरु प्रस्तावमा संवोधन गरि अघि बढ्नुपर्ने । |
| नियम १४ | केन्द्रीय कार्यालयले नियम १२ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट उद्योग कार्यान्वयन गर्ने सम्बन्धमा नियम १३ मा उल्लेखित व्यहोरा खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्न सक्नेछ । | • Negative List मा परेको वाहेकका उद्योगहरुवाट प्रस्ताव आहवान गर्न सकिने ।<br>• संक्षिप्त सूचिको उल्लेख नगर्ने । | संक्षिप्त सूचि हँटाउदा छोटो प्रक्रिया हुने र Negative List ले बढी से बढी उद्योगहरुको स्थापनामा सहभागी हुन पाउने । |
| नियम १८ | वार्ताद्वारा उद्योगको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने सम्वन्धमा | प्रावधान हटाउने । | आवश्यक नदेखिएको । उद्योगहरुले आफनो उद्योग स्थापना तथा सञ्चालन गर्ने विषयमा निज नै जानकार र जवाफ्देही हुने भएको हुँदा निजवाट नै सम्भाव्यता अध्ययन गर्न उपयुक्त देखिन्छ । |
| नियम २१ उपनियम १ (ज) | कार्यालय प्रमुख | कार्यालय प्रमुख / केन्द्रिय कार्यालयले तोकेको अधिकृत । | हाल भैरहवा विशेष आर्थिक क्षेत्र को दरवन्दी स्वीकृत नभएकोले केन्द्रिय कार्यालयले तोकेको अधिकृत उपयुक्त हुने । |
| नियम २३ उपनियम १ (ठ) | उद्योग सञ्चालन गर्दा केन्द्रीय कार्यालयलाई बुझाउने प्रस्तावित रोयल्टी, | रोयल्टी के वापत र कति लिने भनी उल्लेख हुने गरी संशोधन मार्फत आउनु पर्ने । | उद्योगीवाट रोयल्टी छुटको माग भएको भएतापनि रोयल्टी के कति र कसरी लिने भनि स्पष्ट हुने । |

| | | | |
|---|---|---|---|
| नियम २४ उपनियम १ | निवेदन दर्ता भएको १५० दिन भित्र यस कार्यविधिका प्रकृया पूरा गरे पश्चात स्वीकृत वा अस्विकृत भएको जानकारी प्रस्तावकलाई दिइनेछ ।<br>तर, नियम १९ बमोजिम पेश भएको प्रस्तावको हकमा समितिबाट सम्भाव्यता अध्ययन पूरा गरिएपछि मात्र उक्त प्रस्तावको मूल्याँकन गरिनेछ । | निवेदन दर्ता भएको बढीमा ९० दिन भित्र यस कार्यविधिका प्रकृया पूरा गरे पश्चात् स्वीकृत वा अस्विकृत भएको जानकारी प्रस्तावकलाई दिइनेछ ।<br>तर, नियम १९ बमोजिम पेश भएको प्रस्तावको हकमा निवेदन दर्ता भएको ४५ दिन भित्र स्वीकृत वा अस्वीकृत भएको जानकारी प्रस्तावकलाई दिइनेछ ।<br>– | मनशायपत्रको प्रावधान हटाई सिधै प्रस्ताव आव्हान गर्दा १५० दिन आवश्यक नरहेको । र वार्ताद्धारा पेश भएको प्रस्तावको हकमा छिटो सेवा प्रदान गर्ने उद्देश्यले ४५ दिन कायम गर्न उपयुक्त रहेको । |
| नियम २५ | – | –उपनियम १ उल्लेख गर्नुपर्ने ।<br>–उपनियम ५ को सट्टा उपनियम ३ हुनुपर्ने । | उपनियम १ छुटेको र सो अनुसार उपनियम ३ हुनुपर्नेमा उपनियम ५ भएको । |
| नियम २८ उपनियम १ | अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम उद्योग सञ्चालन प्रारम्भ नगरेमा वा यो कार्यविधी वा सम्झौता विपरीत कुनै काम गरेमा केन्द्रीय कार्यालयले अनुमतिपत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ । | अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता गरेको मितिवाट ६ महिना भित्र उद्योग सञ्चालन बस्तु सेवा उत्पादन गरी सञ्चालन गर्नुपर्नेछ तर काबु वाहिरको परिस्थितिको कारण उद्योग सञ्चालन नगरेमा रु १ लाख जरिवाना लिई ६ महिना समयावधि थप गरिनेछ । साथै माथि उल्लेखित प्रावधान लाई कार्यान्वयन नगरेमा वा यो कार्यविधि वा सम्झौता विपरीत कुनै काम गरेमा केन्द्रीय कार्यालयले अनुमतिपत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ । | उद्योग स्थापनाको कार्यलाई समय सिमा तोकिनु पर्ने देखिएको । |
| नियम २९ | (१)अनुमतिपत्रको अवधि उद्योगको प्रकृति हेरी बढीमा तीस वर्षको हुनेछ । | (१)अनुमतिपत्रको अवधि उद्योगको प्रकृति हेरी बढीमा ३० वर्ष हुनेछ र सो पछि हरेक १०/१० वर्षमा नविकरण हुदैजानेछ र, वढीमा ९० वर्ष सम्म नविकरण हुनेछ । | लगानीको प्रतिफलको दृष्टिकोणले उद्योग सम्झौता अवधि कम भएको राय उद्योगी व्यवसायीवाट प्राप्त भएको ।अवधि थप गर्दा उपयुक्त नै देखिन्छ । |

| | | | |
|---|---|---|---|
| नियम ३० | अनुमतिपत्रवालाले नियम २९ को उपनियम (१) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ । | अनुमतिपत्रवालाले नियम २९ को उपनियम (१) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा अवधि समाप्त भएको ३ महिना भित्र रु ५००००।– जरिवाना तिरि अनुमति पत्र नविकरण गर्न सक्नेछ । यो अवधिमा पनि अनुमति पत्र नविकरण नगरेमा स्वतः रद्द हुनेछ । | उद्योगीहरुलाई थप समय वापत सहुलियत दिई उद्योग संचालन गर्न मौका दिइएको । |
| नियम ३४ | अनुमतिपत्रवालालाई कार्यालयले प्रदान गरेको जग्गाको प्रति महिना एक सय पचास रुपैंया प्रति वर्ग मिटरका दरले भू-बहाल दस्तुर (भाडा) कार्यालयलाई बुझाउनु पर्नेछ । यो दर प्रति वर्ष १० प्रतिशतले बृद्धि हुनेछ । | भाडादरमा पुनरावलोकन हुनुपर्ने । | –उद्योगीहरुलाई सहुलियत दिनुपर्ने । उद्योग वाणिज्य महासंघको राय समेत रहेको ।<br>– राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरुको जग्गा भाडा दरको अध्ययन तथा विश्लेषण गरी समयसापेक्ष दररेट निर्धारण हुन उपयुक्त हुने । |
| नियम ३६ | रसायनिक प्रदुषण भएको पानीको हकमा प्राथमिक उपचार (Preliminary Treatment) उद्योग आफैले गरि कार्यालयले तोकेको गुणस्तरमा पुऱ्याएपछि मात्र केन्द्रीय ढलमा छोड्नु पर्नेछ । | रसायनिक प्रदुषण भएको पानीको हकमा मापदण्ड बमोजिम उपचार (Treatment) उद्योग आफैले गरे पश्चात मात्र केन्द्रीय ढलमा छोड्नु पर्नेछ । | रसायनिक प्रदुषणको उपचार गर्ने संयन्त्र विशेष आर्थिक क्षेत्रसँग नभएको र यो अति संवेदनसिल भएकोले यसको उपचार उद्योगी स्वयम्ले गर्नुपर्ने । |
| नियम ४२ | उद्योगले प्रयोग गरेको जग्गा वा भवनको वहाल वा लिज वापत बुझाउनुपर्ने रकममा उद्योग स्थापना भएको पहिलो, दोश्रो र तेश्रो वर्षको लागि क्रमशः पचास, चालिस र पच्चीस प्रतिशत छुट दिन कार्यालयले सिफारिस गर्नेछ । | उद्योगले प्रयोग गरेको जग्गा वा भवनको वहाल वा लिज वापत बुझाउनु पर्ने रकममा उद्योग स्थापना भएको वर्ष देखि ५ वर्ष सम्म कमश पहिलो, दोश्रो, तेश्रो, चौथो र पाँचौ वर्षको लागि क्रमशः पचास, चालिस, पच्चीस, पन्ध्र र दश प्रतिशत छुट दिन कार्यालयले सिफारिस गर्नेछ र केन्द्रिय कार्यालयले सिफारिस वमोजिम छुट दिनेछ । | यसले गर्दा उद्योगीहरुमा आकर्षण बढ्नेछ । |
| नियम ४८ | यस कार्यविधिको नियमहरु लेखिए बमोजिम मन्त्रालय समक्ष सिफारिस भैआएका विषयमा मन्त्रालयले आवश्यक जाँचबुझ एवं तोकिएको प्रकृया पूरा गरी प्रचलित कानून बमोजिम गर्नेछ । | यस कार्यविधिको नियमहरुमा लेखिए बमोजिम मन्त्रालय समक्ष सिफारिस भैआएका विषयमा मन्त्रालयले आवश्यक जाँचबुझ एवं तोकिएको प्रकृया पूरा गरी प्रचलित कानून बमोजिम गर्नेछ । | भाषा संशोधन गरिएको । |

| | | | |
|---|---|---|---|
| नियम ५० | क्षेत्र भित्रका उद्योगले प्रचलित कानुन अनुसार तिर्नु बुझाउनु पर्ने स्थानिय कर तथा अन्य सेवा शुल्क बुझाउनु पर्ने भएमा क्षेत्र भित्रै संकलन गर्ने व्यवस्था गरिनेछ । | विशेष आर्थिक क्षेत्र भित्रका उद्योगहरुलाई कुनै किसिमको स्थानियकर लाग्ने छैन। | कर छुट भए पश्चात उद्योगीहरुको लगानी बढ्ने । |
| अनुसूचि १ | अनुसूचि १ | नकारात्मक सूचि (Negative List) हुन उपयुत्त भएको | हाल सकारात्मक सूचिमा १७ प्रकारका उद्योग मात्र रहेकोले नकारात्मक सूचि (Negative List) हुन उपयुत्त भएको जसले गर्दा उक्त सूचिमा नपरेका उद्योगीहरुले विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना गर्न मौका पाउने । |
| अनुसूचि ४,५ | अनुसूचि ४,५ | प्रचलित तोकिएको डाँचा बमोजिम हुनुपर्ने । | प्रचलित कानून बमोजिम ढाँचा अनुसार विवरण हुनुपर्ने । |

**२.५ भैरहवा विशेष आर्थिक क्षेत्र संचालन सम्बन्धि कार्यविधिमा नेपाल उद्योग वाणिज्य महासंघ तथा नेपाल उद्योग परिसदको संयूक्त सुझाव** (**अनुसूचि–** A57)

- विस्तृत विवरण अनुसूचि ६ हालको कार्यविधिले  मात्र विशेष आर्थिक क्षेत्रमा लगानी गर्न उत्साहित नहुने भएकोले छिटो छिटो प्रस्तावित विशेष आर्थिक क्षेत्र ऐन तत्काल संसदबाट ल्याउने व्यवस्था हुनु पर्ने ।
- भैरहवा विशेष आर्थिक क्षेत्र संचालन मापदण्ड तथा कार्यविधि २०७१ मा रहेको उद्योगको मनसाय पत्र माग गर्ने व्यवस्था खारेज गरी सिधै प्रस्ताव माग गर्ने व्यवस्था हुनु पर्ने ।
- अनुमति पत्रको अवधि ३० वर्षबाट बढाई थप गर्नु पर्ने ।
- उद्योगले ७५ प्रतिशत निकासी गर्न नसकेमा प्रचलित कानून बमोजिम लाग्ने कर तथा शुल्क बुझाई स्थानीय बजारमा बिक्री गर्न पाउने व्यवस्था हुनु पर्ने ।
- उद्योगका लागि लाग्ने भाडा रु १५० वर्ग मिटरबाट हाललाई घटाई रु १०० मात्र गर्ने व्यवस्था गर्नु पर्ने ।

- विशेष आर्थिक क्षेत्र भित्र लगानी गर्ने पाउने उद्योगको सूचिको व्यवस्था गरिएको छ कार्यविधिको अनूसूचि ( १) उक्त सूचि आवश्यक नभएकोले हटाउनु पर्ने । तर उद्योगको उत्पादन, मूल्य अभिवृद्धि तथा रोजगारी दिने सक्ने आधारमा उद्योगको छनोट गर्न सक्ने हुनु उपयुक्त हुन्छ ।
- दफा २३ (ठ) मा उद्योगले उद्योग संचालन गर्दा केन्द्रिय कार्यालयलाई बुझाउने रोयल्टी उल्लेख गरिएको छ उक्त व्यवस्था हटाउनु पर्ने ।
- दफा २४ प्रस्ताव स्विकृतिको समय १५० भएकोले बढिमा १०० दिन मात्र हुनु पर्ने ।
- विशेष आर्थिक क्षेत्र भित्र लगानी गर्न आउने उद्योगको लागि विशेष आर्थिक क्षेत्रले लगानी इजाजत, दर्ता तथा अन्य वातावरणिय अनुमतिको को आवश्यक सहयोग गर्ने व्यवस्था हुनु पर्ने ।
- हालको अवस्थामा आयकर छुट तथा पुनर लगानीका लागि आयकर छुट पाउन विशेष आर्थिक क्षेत्रको सिफारिस आवश्यक नपर्ने देखिंदा उक्त अनुसूचि (४) र अनुसूचि (५) आवश्यक नभएको

## २.६ उद्योगीहरुसँग गरिएको छलफलवाट प्राप्त सुझाव ( काठमाण्डौ उपत्यकामा उपलब्ध भएका केहि उद्योगीहरुसंग गरिएको अर्न्तक्रियामा आधारित)

### २.६.१ सुझावहरु

१. भैरहवा विशेष आर्थिक क्षेत्र संचालनको लागि सर्वप्रथम नियमित विधुतको आपूर्ति हुनुपर्ने । लोडसेटिङ्गको कारणले मेसिनमा ट्रिपिङ्ग भइ मालसामान धेरै खेरजाने साथै नेपालको पहिलो विशेष आर्थिक क्षेत्र मा २४ घण्टा नै विद्युत आपूर्ति हुनुपर्ने ।

२. विशेष आर्थिक क्षेत्र भित्र बन्द र हड्ताल हुन नहुने साथै विशेष आर्थिक क्षेत्र को २० कि.मि. वरपर बन्द निषेधित क्षेत्र घोषणा गर्नुपर्ने । यसको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी, प्रहरी, राजनैतिक दल, ट्रेड युनियन, उद्योग वाणिज्य संघ, लगायतको एउटा समिति बनाइ सो समितिले हस्ताक्षर गरी घोषणा गर्नुपर्ने ।

३. विशेष आर्थिक क्षेत्र लाई स्वायत्त संस्था बनाउनुपर्ने र यो उद्योगी मैत्री हुनु पर्ने ।

४. नेपालमा अन्य विशेष आर्थिक क्षेत्र हरुको निर्माण नभैसकेकोले अन्य स्थानमा रहने इच्छुक उद्योगीलाई सर्वप्रथम तयार भएको भैरहवा विशेष आर्थिक क्षेत्र भित्र स्थापना गराउनुपर्ने । सम्पूर्ण विशेष आर्थिक क्षेत्र समितिको ध्यान भैरहवामा केन्द्रित गरी सर्वप्रथम भैरहवा संचालन गर्नुपर्ने ।

५. विशेष आर्थिक क्षेत्रमा अनुभवि कार्यकारी निर्देशक नियुक्त गर्नुपर्ने र कार्यकारी निर्देशकको तलव कम्तीमा २ लाख हुनुपर्ने । यसले गर्दा कार्य प्रतीको जिम्मेवारी बढ्ने ।

६. विशेष आर्थिक क्षेत्रभित्र बहुराष्ट्रिय कम्पनिहरुलाई विशेष सहुलियत दिइ आहवान गर्नुपर्ने ।

७. विशेष आर्थिक क्षेत्रभित्र स्थापित हुने उद्योगहरुलाई कर, भन्सार,अन्त शुल्क, स्थानिय कर लगायत अन्य शुल्कहरुमा भारी छुट हुनुपर्ने । साथै अन्य सुविधाहरु सुलभ तथा छिटो एकद्धार प्रणाली मार्फत पाउनुपर्ने

२.६.२ भैरहवा स्थित सिदार्थनगर उद्योग वाणिज्य सँघसंग गरिएको अन्तरक्रिया कार्यक्रममा प्राप्त राय सुझाव अनुसूचि– (A58- A61 )उल्लेखछ ।

२.६.३ भैरहवा विशेष आर्थिक क्षेत्र संचालनको लागि मनशायपत्र माग भएपश्चात् जम्मा १२ वटा उद्योगीले मनशायपत्र पेश गरेको थिए प्राप्त मानशायपत्र मध्ये नेपालमा रहेको ठुला निर्यात गर्न उद्योगीहरु मध्य पञ्चकन्या ग्रुप र किरण सुजलाई कार्यदलले छनौट गरी राय संकलन गर्न छलफल गरेको थियो ।

- पञ्चकन्या ग्रुप ,अनुसूचि– A62
- किरण सुज , अनुसूचि – A63- A64

**२.७ भैरहवा विशेष आर्थिक क्षेत्र र विशेष आर्थिक क्षेत्र. वाहिरका निर्यातजन्य उद्योगले पाउने सुविधाको विवरणः–**

| **भैरहवा विशेष आर्थिक क्षेत्र.वाहिर हाल विद्यमान सेवा सुविधा** | **भैरहवा विशेष आर्थिक क्षेत्र भित्र उपलब्ध सेवा सुविधा** |
|---|---|
| १. एकद्धार समितिको सेवा (औ.व्य.ऐन–१७)<br>२. उद्योगले आफ्नो उत्पादन वा उत्पादनमा प्रयोग गरेको प्याकिङ्ग मेटेरियल्स कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरेको भन्सार, विकिकर, अन्तःशुल्क तथा प्रिमियम निकासी गरेको परिमाणको आधारमा फिर्ता दिन पाउने (औ.व्य.ऐन–१५(प)(फ) )<br>३. तोकिएको उत्पादनमा तोकिएको प्रतिशतमा निर्यातमा नगद प्रोत्साहन गरिने । (नेपाल राजपत्र, खण्ड ६३, वैशाख २०७०, भाग ५)<br>(निर्यातमा नगद प्रोत्यसाहन सम्बन्धि कार्यविधि २०७०)<br>४. उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, दूरसंचारका साधन, जग्गा जस्ता पूर्वाधार सेवा उपलब्ध गराउन आवश्यक सिफारिस गर्ने (औ.व्य.ऐ.–१८(ख,१)) | १. प्रचलित कानुन तथा गठन आदेश वमोजिम प्रदान गरिने छुट, सुविधा र सहुलियत प्रदान गर्न सिफारिस गर्ने । (कार्यविधि–३९)<br>२. हाल कायम रहेको भू–वहालमा पहिलो, दोस्रो र तेस्रो वर्षको लागि क्रमशः ५०%,४०%,र २५%, छुटको लागि सिफारीस गर्ने ।<br>३. विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई मुद्रा प्रचलित कानुन वमोजिम विदेशी मुद्रामा खाता खोल्न सिफारिस दिइने (४४) ।<br>४. अन्य सुविधा<br>भन्सार,वैक,विमा, हुलाक, व्यवसाय प्रवर्द्धन सम्बन्धी परामर्श सेवा आदि (४३) |

## २.८ अन्य  देशका सुबिधाहरु

सार्क सदस्य राष्ट्रहरुले विशेष आर्थिक क्षेत्र वा यस किसिमका औधोगिक क्षेत्रमा दिएका सेवा, सुविधा तथा सहुलियतको तुलनात्मक अध्ययन गर्दा नेपालबाट दिएको सुविधालाई विश्लेषण गर्न सजिला हरने हुँदा नियमानुसार राष्ट्रहरुको बिचमा सेवा, सुविधा उल्लेख गरिएकोछ ।

### बंगलादेश

| SL | Incentive | Approved Incentives by Governing Board |
|---|---|---|
| 1 | TAX HOLIDAY | For all Economic Zones Income Tax Holiday (ITH)-<br>– 1st and 2nd year 100%, 3rd year 80%, 4th 70%, 5th 60%,6th 50%, 7th 40%, 8th 30%, 9th 20% and 10th year 10%.<br><br>10 years tax holiday for industries established before 2012 |
| 2 | CUSTOM DUTY | Duty free import of raw materials, construction materials, capital machineries, finished goods. |
| 3 | INCOME TAX-OTHERS | Exemption from dividend tax (After tax holiday over) |
| 4 | REPATRIATION | Full repatriation of capital and dividend. |
| 5 | FREE FLOW FDI | No ceiling of FDI. |
| 6 | BACKWARD LINKAGE | 100% backward linkage raw-materials and accessories to sell for export oriented industries( EOI) in Domestic Tariff Area( DTA). |
| 7 | LOCAL SALE | 20% sale of finished product to DTA (From Export Processing Area –EPA). |
| 8 | SUB-CONTRACTING | Sub-contracting with DTA allowed. |
| 9 | STAMP DUT Y | 50% exemption of stamp duty and registration fees for registration of leasehold land/ factory space. |
| 10 | VAT | 80% exemption of VAT on all utility services consumed inside the zone. |
| 11 | CUSTOM DUTY | Duty exemption on Export. |
| 12 | CD ON VEHICLE | Exemption of CD for import of 2 vehicles within 1st 5 years for foreign investors ( for one time). |

| | | |
|---|---|---|
| 13 | **DOUBLE TAXATION** | **Exemption of double taxation subject to Double taxation agreement.** |
| 14 | **IT INDIVIDUAL** | **50% Rebate of income tax on salary income of expatriates for 5 years** |
| 15 | **CUSTOM BOND** | **Consider EZ as custom bonded area.** |
| 16 | **FOREIGN EXCHANGE** | **FC loan availability (To ease business activity).** |
| 17 | **FOREIGN EXCHANGE** | **FC Account for Non-Resident.** |
| 18 | **FOREIGN EXCHANGE** | **FC Account for both local and joint venture industry.** |
| 19 | **JOINT VENTURE** | **Joint venture allowed** |
| 20 | **ROYALTIES** | **Royalty, technical fees will be exempted from income tax.** |
| 21 | **CAPITAL GAINS** | **Tax exemption on capital gain.** |
| 22 | **SHARE TRANSFER** | **Share transfer allowed.** |

| | | |
|---|---|---|
| 23 | **WORK PERMITS** | **Work permits – No restrictions on issuance of work permits on project related foreign nationals and employees but limited up to 5% of total employees.** |
| 24 | **RE-INVESTMENT** | **Re-investment of remittable dividend to be treated as new foreign investment.** |
| 25 | **RESIDENT** | **Resident visa for investment of US$ 75000 or more.** |
| 26 | **CITIZENSHIP** | **Citizenship for investment of US$ 500000 or more** |

## Tarrif for land

| Name of The EPZs | Land (US$/SQM/YEAR) | Readymade Factory Building Space (US$/SQM/MONTH) |
|---|---|---|
| Chittagong, Dhaka, Comilla, Adamjee, Karnaphuli | 2.20 | 2.75 |
| Mongla, Ishwardi, Uttara | 1.25 | 1.60 |

## Tarrif for Utilites

| **EPZ** | **ELECTRICITY** | **WATER** | **GAS** |
|---|---|---|---|
| Chittagong | Tk. 7.50 /Kwh | Tk. 24.74/CM | 6.45 /CM |
| Dhaka | Tk. 7.50 /Kwh | Tk. 24.74/CM | 6.45 /CM |
| Comilla | Tk. 7.50 /Kwh | Tk. 25.79/CM | 6.45 /CM |
| Karnaphuli | Tk. 10.26 /Kwh (Peak)<br>Tk. 6.56/Kwh (Off Peak) | Tk. 6.45 /CM | 6.45 /CM |
| Adamjee | Tk. 7.50 /Kwh | Tk. 25.74/CM | 6.45 /CM |
| Ishwardi | Tk. 7.50 /Kwh | Tk. 24.74/CM | 6.45 /CM |
| Mangla | Tk. 7.50 /Kwh | Tk. 24.74/CM | …………… |
| Uttora | Tk. 7.50 /Kwh | Tk. 24.74/CM | ………….. |

# इंडिया

## Facilities and Incentives

### Incentives and facilities offered to the SEZs

**The incentives and facilities offered to the units in SEZs for attracting investments into the SEZs, including foreign investment include:-**

Duty free import/domestic procurement of goods for development, operation and maintenance of SEZ units
100% Income Tax exemption on export income for SEZ units under Section 10AA of the Income Tax Act for first 5 years, 50% for next 5 years thereafter and 50% of the ploughed back export profit for next 5 years.
Exemption from minimum alternate tax under section 115JB of the Income Tax Act.
External commercial borrowing by SEZ units upto US $ 500 million in a year without any maturity restriction through recognized banking channels.

Exemption from Central Sales Tax.
Exemption from Service Tax.
Single window clearance for Central and State level approvals.
Exemption from State sales tax and other levies as extended by the respective State Governments.

**The major incentives and facilities available to SEZ developers include:-**

Exemption from customs/excise duties for development of SEZs for authorized operations approZved by the BOA.
Income Tax exemption on income derived from the business of development of the SEZ in a block of 10 years in 15 years under Section 80-IAB of the Income Tax Act.
Exemption from minimum alternate tax under Section 115 JB of the Income Tax Act.
Exemption from dividend distribution tax under Section 115O of the Income Tax Act.
Exemption from Central Sales Tax (CST).
Exemption from Service Tax (Section 7, 26 and Second Schedule of the SEZ Act).

# भाग–३

## विश्लेषण

### ३.१ खाद्य तथा कृषिजन्यको उद्योगको परिभाषा सम्बन्धमा :–

औद्योगिक व्यवस्थाले २०४९ दफा ३ को (ग) अनुसार गुट्खा तथा पानमसला उद्योगलाई खाद्य तथा कृषिजन्य उद्योगभित्र राखेको पाँइदैन । त्यस्तै कुनै पनि वस्तु तथा उत्पादन खाद्य तथा अखाद्य भन्ने निर्क्यौली गर्ने अधिकारीक निकाय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग हो । भैरहवा विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापनार्थ मनशायपत्र पेश गरेका ४ वटा गुटखा उद्योगहरुवाट ती उद्योगले उत्पादन गर्ने गुट्खा तथा पानमसलाको कच्चा पदार्थ (Raw Material) उपलब्ध गराई सो वस्तु खाद्य हो होइन भनी माग गरिएको थियो । सो विभागवाट ती वस्तुहरु खाद्य वस्तु भित्र नपर्ने जानकारी सहितको पत्र प्रप्त भएको छ ।(अनुसूचि A17)

तसर्थ, भैरहवा विशेष आर्थिक क्षेत्र संचालन मापदण्ड तथा कार्यविधि २०७१ को अनुसुचि १ को खाद्य उद्योग तथा कृषिजन्य उद्योगमा ती उद्योगहरु समेतन सकिने देखिदैन ।

### ३.२ भाडा सम्बन्धमा :–

विशेष आर्थिक क्षेत्रको उद्देश्यलाई ध्यानमा राख्दा विशेषत निर्यात प्रवर्द्धन गर्ने, रोजगारीको अवसर श्रृजना गर्ने, विदेशी लगानी भित्राउने र प्रविधि हस्तान्तरण रहेकोले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रको भाडादरलाई मध्यनजर राखि समयसापेक्ष भाडादर निधारण गर्न उपयुक्त हुने देखिन्छ । विशेष आर्थिक क्षेत्रको उद्देश्य प्रत्यक्ष व्यापारिक लाभभन्दा पनि

सामाजिक, आर्थिक क्षेत्रको विकास मार्फत हुने प्रतिफलहरु रहने भएकाले यस विषयलाई विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

३.३ **विद्युत् आपूर्ति सम्बन्धमा :–**

यस अघि विभिन्न महलहरुमा / परिच्छेदहरुमा उल्लेखित माग वमोजिम प्रशासनिक प्रकृया सरलीकृत तथा चुस्त वनाई अगाडि बढाउनुपर्ने विषयहरु उल्लेखित भैसकेकोछ । चालु आ.व. २०७२।७३ मा डेडिकेटेट लाइन विस्तार गर्न नेपाल विधुत प्राधिकरणको कार्यक्रम मार्फत वजेट विनियोजन भएता पनि भैरहवा विशेष आर्थिक क्षेत्रको लागि आवश्यक पर्ने विद्युत क्षमता र सो को स्रोत वारे अन्योल नै रहेको देखिन्छ । यस सम्बन्धमा उद्योगी व्यवसायीहरुवाट २४ सै घण्टा विद्युत आपूर्ति हुनुपर्ने माग भैराखेको छ । तसर्थ यर्थाथमा आवश्यक पर्ने विधुत क्षमता तथा स्रोत वारे टुङ्गो लगाइ उद्योगी व्यवसायीहरुको मागलाई सम्बोधन गर्न सकिएमा विशेष आर्थिक क्षेत्र उद्देश्य अनुरुप संचालन भै प्रभावकारीता हासिल गर्न सहयोग पुग्न जाने देखिन्छ । विद्युतको स्रोत र क्षमता यकिन तथा प्रत्याभुतिको लागि सम्बन्धित निकायसँग पहल गर्नुपर्ने देखिन्छ ।

३.४ **लामो प्रशासनिक प्रक्रियाको सम्बन्धमा** :–

विद्यमान कार्यविधि वमोजिमको लामो प्रशासनिक प्रकृयाको कारणले उद्योगीहरु भैरहवा विशेष आर्थिक क्षेत्रमा आउन निरुत्साहित रहेको हुँदा समितिलाई अधिकार सम्पन्न बनाई लामो प्रशासनिक झन्झटको अन्त्य गरी प्रकृया सरलिकरण गर्न आवश्यक देखिन्छ ।

३.५ **श्रमिकहरुको विषयमा :–**

श्रमिकहरुको हकहितको सम्वन्धमा विद्यमान ऐन नियम र ILO को प्रावधानलाई समेत मध्यनजर राखि विशेष आर्थिक क्षेत्र सञ्चालनमा वाधा नहुने गरी व्यवस्था हुनुपर्ने देखिन्छ ।

३.६ **वन्द हडताल सम्बन्धमा :–**

विशेष आर्थिक क्षेत्रको भित्र तथा वरपर करिव ५ कि.मि. सम्मको दूरीमा निषेधित क्षेत्र घोषणा गरी प्रभावकारी सञ्चालनको गर्नुपर्ने देखिन्छ ।

३.७ चुस्त तथा प्रभावकारी सरकारी सेवा (एकल बिन्दु सेवा ):–

विशेष आर्थिक क्षेत्रमा विभिन्न निकायहरुले प्रदान गर्ने सेवाहरु (जस्तै :– अध्यागमन, बैक, भन्सार, हुलाक श्रम, कर, विमा, सुरक्षा) एकै स्थानवाट दिन सकिएमा मात्र विशेष आर्थिक क्षेत्रमा उद्योगिहरुको आकर्षण बढने हुन्छ । तसर्थ ती सेवाहरुलाई एकद्वार प्रणालीमा ल्याई विशेष आर्थिक क्षेत्रको कार्यालय प्रमुख मातहत ती निकायहरु रहने गरी सांगठनिक व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

३.८ **उद्योगीलाई प्रदान गरिने छुट,सेवा, सहुलियत आदि** :–

अनुसूचिहरुमा उल्लेख भएका राष्ट्रिय तथा अन्र्तराष्ट्रिय औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरुलाई प्रदान गरिदै आएको छुट, सेवा, सुविधा वारे अध्ययन, छलफल तथा थप विश्लेषण गरि छुट,सेवा, सुविधा प्रदान गर्ने नीतिगत तथा कानूनी व्यवस्था हुन सकेमा बढी प्रभावकारी हुने देखिन्छ ।

## ३.९ Bonded ware House

विशेष आर्थिक क्षेत्र भित्र वण्डेड वयर हाउस नभएको भैरहवा विशेष आर्थिक क्षेत्रको गुरुयोजनामा समेत सो विषय उल्लेख नभएकोले गर्दा विशेष आर्थिक क्षेत्रको अवधारणा अनुरुप सुविधा सहितको बोण्डेड वयर हाउसको व्यवस्था गर्नुपर्ने देखिन्छ । यस किसिमको सुविधा हाल विशेष आर्थिक क्षेत्र भन्दा वाहिर रहेका निर्यात मुलक उद्योगहरुले उपयोग गरेको पाइएकोछ ।तर विशेष आर्थिक क्षेत्र भित्र यस किसिमको सुविधा उपलब्ध नहुँदा उद्योगीहरु निरुत्साहित भएको पाइएकोछ ।

# भाग–४
# निष्कर्ष तथा सिफारिस

## ४.१ निष्कर्ष तथा सिफारिस

१. सर्वप्रथम भैरहवा विशेष आर्थिक क्षेत्र संचालनको लागि उद्योगी मैत्री ऐन आउनुपर्ने ।

२. विशेष आर्थिक क्षेत्र वाहिर संचालित निर्यातजन्य उद्योगहरु भन्दा विशेष आर्थिक क्षेत्रभित्र स्थापना हुने उद्योगहरुलाई विशेष सुविधा दिनुपर्ने ।

३. विशेष आर्थिक क्षेत्र भित्र नियमित रुपमा २४ सै घण्टा विद्युतको आपुर्ती हुनुपर्ने ।

४. विशेष आर्थिक क्षेत्र भित्र बन्द हडताल निषेध गर्नुपर्ने तथा आयात तथा निर्यातको लागि २४ सै घण्टा खुला सुचारु हुनुपर्ने ।

५. विशेष आर्थिक क्षेत्र लाई स्वयत्त संस्था वनाउनु पर्ने । विशेष आर्थिक क्षेत्र मा नियुक्त गरि कार्यकारी निर्देशक तथा कर्मचारीलाई विशेष सुविधा दिइ उत्प्रेरित गर्नुपर्ने ।

६. अन्य क्षेत्रमा माग गर्ने उद्योगीलाई भैरहवा विशेष आर्थिक क्षेत्रमा स्थापित गर्न उत्प्रेरित गरिनुपर्ने ।

७. तत्काल कार्यविधिका कायम रहेको जग्गा लिज भाडा समय सापेक्ष परिमार्जन गर्नुपर्ने ।

८. गुरुयोजना वमोजिमका बाँकी निर्माण कार्यहरु तत्काल सम्पन्न गर्नुपर्ने ।

९. वहुराष्ट्रिय कम्पनीहरुलाई विशेष पहल गरि विशेष आर्थिक क्षेत्र भित्र उद्योग स्थापना गर्न उत्प्रेरित गर्नुपर्ने ।

१०. Fright forwarders हरुलाई Start to end deivery service को लागि प्रक्रिया पुर्‍याई विशेष आर्थिक क्षेत्रभित्र राख्नु पर्ने ।

११. Service industry को लागि यस कार्यविधिले समेट्न नसकेको हुनाले यदि यसलाई कार्यविधिले समेट्न सकेमा ५ करोड स्थिर पूँजी नलाग्ने सम्भावना रहने हुन्छ । तसर्थ यस्ता खाले उद्योगहरुको स्थिर पूँजी कम भएपनि हुने व्यवस्था मिलाउनु पर्ने ।

१२. Export processing zone को अवधारणा समेत विशेष आर्थिक क्षेत्र भित्र राख्न सकेमा सामानहरु संकलन, प्रशोधन तथा प्याकेजिङ्ग गरी अन्तराष्ट्रिय वजारमा वेच्न सकिने । उदाहरणको लागि कुनै कम्पनीले नेपालभरीवाट मह संकलन गरी भैरहवा विशेष आर्थिक क्षेत्रमा प्रशोधन तथा प्याकेजिङ्ग गरी विदेश पठाउन सक्ने स्थितिमा सो कम्पनीको स्थिर पूँजी ५ करोड नलाग्न सक्छ ।

१३. भैरहवा विशेष आर्थिक क्षेत्रमा उत्पादनको गुणस्तर परीक्षणको लागि विशेष व्यवस्था हुनुपर्ने । वाणिज्य विभाग अन्तर्गत विश्व बैकले नेपालमा प्रयोगशाला स्थापना गर्न लागेको हालको अवस्थामा कुनै एक प्रयोगशाला भैरहवा SEZ मा राख्न सकेमा सहज हुने ।

१४. एकद्धार इकाइको संरचनागतरुपमा व्यवस्था नभएकाले कार्यविधिमा व्यवस्था हुनुपर्ने ।

१५. कार्यविधि वमोजिम ढल प्रशोधन भवन निर्माण मापदण्ड, आवश्यक ढाचा उद्योगीहरुले बुझाउनु पर्ने अन्य सेवा शुल्क तथा परिभाषाहरु निर्धारण गर्नुपर्ने ।

१६. पुराना लुगा विशेष आर्थिक क्षेत्रमा ल्याइ सो प्रशोधन गरी १००% Export गर्ने विषयमा विशेष आर्थिक क्षेत्रमा विशेष व्यवस्था गर्नुपर्ने ।

१७. खाद्य तथा कृषिजन्य उद्योगको पभिाषालाई कार्यालयमा रहेका सदस्यहरुको विज्ञता तथा दक्षताले स्पष्ट किटान गर्न नसकेको हुनाले यसलाई परिभाषित गर्न विशेषज्ञहरुलाई सुम्पनु पर्ने ।

## अनुसूचिहरु :


| क.स. | विषय | पाना नं. |
|---|---|---|
| १. | कार्यदल गठनको निर्णय र TOR | A2 - A8 |
| २. | कार्यदलको छलफल तथा निर्णयहरु | A9 - A16 |
| ३. | खाद प्रविधि तथा गुण नियन्त्रण विभागको पत्र तथा गुट्खा तथा पान परागको कच्चा पर्दाथ | A17 - A24 |
| ४. | राष्ट्रिय तथा अन्तराष्ट्रिय औद्योगिक क्षेत्रको जमिनको भाडा दर | A25 - A42 |
| ५. | भारत, वंगलादेश तथा कम्बोडियाका विशेष आर्थिक क्षेत्रमा प्रदान गरिने सुविधा, सहुलियत तथा अन्य व्यवस्था | A43 - A56 |
| ६. | नेपाल उद्योग वाणिज्य महासंघ, तथा नेपाल उद्योग परिसंघको संयुक्त सुझावहरु | A57 - A57 |
| ७. | सिदार्थनगर उद्योग वाणिज्य संघवाट प्राप्त सुझावहरु | A58 - A61 |
| ८. | पँचकन्या ग्रुप तथा किरण सुजवाट प्राप्त राय सुझावहरु | A62 - A64 |
| ९. | औद्योगिक व्यसाय ऐन २०४९ | A64 - A82 |
| १०. | निर्यातमा नगद प्रोत्यसाहन कार्यविधि, २०७० | A83 - A86 |
| ११. | खाद्य ऐन २०२३ | A87 - A92 |
| १२. | नेपालको वैदेशिक व्यापारको अवस्था (सूचि सहित) | A93 - A96 |
| १३. | विशेष आर्थिक क्षेत्र विकास समिति (गठन) आदेश, २०६९ | A97 - A103 |
| १४. | विशेष आर्थिक क्षेत्र संचालन मापदण्ड तथा कार्यविधि २०७१ | A104 |
| १५. | विशेष आर्थिक क्षेत्र स्थापना, संचालन र व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७२ | A105 - A115 |

## विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय औद्योगीक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रवर्धन क्षेत्रमा भएको जमिनको लिज भाडा ।

| | |
|---|---|
| वालजु औद्योगीक क्षेत्र | रु. १२५२० / प्रति रोपनी प्रति वर्ष (2.05/m2/month) |
| वुटवल औद्योगीक क्षेत्र | रु. ६३००/ प्रति रोपनी प्रति वर्ष (1.032/m2/month) |
| वंगलादेश EPZ (Chittagong, Dhaka, Comla Aglamjee, Karnaphuli | 2.2 us$/sq.m/year |
| वंगलादेश EPZ (mougla, Ishwardi, Uttra) | 1.25/ us$/sqm/year |
| New Delhi (Mamesar Industrial Area) | 3-6.01/sqm/month (us$) |
| Pakistan (Karachi)(port Qasim Induatrial Estate) | 0.0114-0.02/m2/month (us$) |
| (Colombo) srilanka<br><br>(katunayake EPZ) | 13.84/m2/(50yrs) (us$)<br><br>0.10/m2/month |
| Cambodia (Phmom penh) (Phmompenh SEZ) | 0.091 /month/m2 (us$) |
| Laos (Vietiane)<br><br>(savan-seno SEZ) | o.o38 /m2/month(2ha) (us$)<br><br>0.033/m2/month(2ha) |
| Vietham (Danang)<br>(Danang EPZ) | 0.086/m2/month |